०७८-५७५३९६, ०७८-५७५०१०
ईमेल: Devchulimunicipality@gmail.com

# देवचुली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर,नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

२०७८ सालको विजय दशमीको उपलक्ष्यमा सुख-सम्बृद्धि, शु-स्वास्थ्य, दीर्घायु सहित कोभिड महामारीबाट बच्न सक्ने शक्ति प्रदानका लागि श्री दुर्गाभवानीसँग पुकारगर्दै देश विदेशमा रहनुहुने सवै नगरवासी महानुभाबहरुमा हार्दिक मंङ्गलमय शुभ-कामना व्यक्त गर्दछु ।

कोभिड-१९ का संक्रमित नगरवासीहरुको संख्या हाललाई केही मत्थर भएको देखिएता पनि यसको पूर्णरुपमा निदान भइ नसकेको हुँदा यस वर्षको दशैं मनाउदा सवै नगरवासीहरुले सतर्कता अपनाइ सुरक्षित तरिकाबाट दशैं मनाई कोभिड महामारीको रोग फैलिन नदिनका लागि समयमा नै सतर्कता अपनाउनुहुन निम्न अनुरोध सहित सम्पूर्ण देवचुली नगरवासी महानुभाव-हरुमा नगर प्रमुखको तर्फबाट हार्दिक अपिल गर्दछु ।

- दशैंमा आशीर्बाद लिनका लागि मान्यजनहरुको घरमा जाँदा हाल शुसुप्त अवस्थामा रहेको कोभिड महामारीले जुनसुकै बखत महामारीकोरुप लिनसक्ने सम्भावना रहेकोले यस महामारीबाट जोगिन बिगतको अनुभवबाट सचेत बनौं ।
- घर बाहिर निस्कदा अनिबार्यरुपले मास्कको प्रयोग गरौं, समुदायका सबै व्यक्तित्वहरुमा मित्रबत व्यवहार गरी रोगी, अपांङगता भएका तथा हिंसापिडित व्यक्तिहरुलाई अपमान नगरौं ।
- बजारमा सामान खरिद-विक्रिका बखत ग्राहकहरुसँग भिडभाड हुन नदिने व्यवस्था मिलाई चाडपर्वको अबसरमा म्याद गुज्रेका सामानहरु बिक्रिवितरण तथा मुल्य बृद्धि समेतको आशंका निवारण गर्न मालसामानको मुल्यसूचि राख्ने व्यवस्था कायम गरौं ।
- कोभिड महामारीको संभावित जोखिम बाँकी नै रहेकोले सभा-समारोह, चियापान, शुभ-कामना आदानप्रदान, साँस्कृतिक कार्यक्रम जस्ता सामुहिक कार्यक्रमहरु सञ्चालन गर्दा सम्भावित जोखिमलाई मनन गरौं ।
- कोभिड रोगको सम्भावित लक्षण हामी सवैलाई जानकारी भईसकेकोले यस रोगको मिल्दो जुल्दो सम्वन्धित लक्षणहरु देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

भरखरै मात्र कोभिड महामारीबाट केही सुधार भइ राहत पाइएको यस घडीमा समयमा नै सतर्क भइ घर, परिवार, टोल छिमेक, समुदाय हुदै नगरक्षेत्रबाटै रोग लाग्न नदिने उपाय अपनाई आफु पनि बचौं र अरुलाइ पनि बचाऔं, सभ्य नागरिकको कर्तव्य पालना गरौं ।

२० आश्विन, २० ७८

(पूर्णकुमार श्रेष्ठ)
नगर प्रमुख

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख